# चुनावमा सेना (भदौ १६- असोज १४ २०७०)

**भुवन केसी/तिलक पाठक**

**प्रकाशित मिति : असोज १९ , २०७० (October 5, 2013)**

लामो समयदेखि राजनीतिक प्रक्रियाको विरोध गर्दै आएको संघीय समाजवादी पार्टी र प्रमुख राजनीतिक दलहरुबीच सहमति हुँदा मंसिर ४ गतेको निर्वाचनका लागि थप सहज भएपनि नेकपा माओवादी नेतृत्वको ३३ दलीय मोर्चासँगको वार्ता असफल भयो । सबै राजनीतिक दलहरुबीच सहमति कायम गरी निर्वाचनको वातावरण बनाउन राष्ट्रपति रामवरण यादवले गरेको प्रयास पनि सफल भएन । ३३ दलीय मोर्चाबीच वार्ता सफल नभएपछि मुख्य दलहरु उनीहरुलाई छोडेर मंसिर ४ गतेको निर्वाचन गर्न तयार भए । त्यसपछि निर्वाचन सुरक्षालाई ध्यानमा राखेर सरकारले संविधानसभा निर्वाचनमा सेना परिचालन गर्ने निर्णय गर्‍यो । यसले गर्दा मुख्य राजनीतिक दल र नेकपा माओवादी नेतृत्वको मोर्चाबीच सहमति हुने सम्भावना क्षीण भयो । मोर्चाले सेना परिचालन गरे २०६३ साल मंसिरमा भएको बृहत शान्ति सम्झौता भंग हुने भन्दै संयुक्त राष्ट्रसंघका महसचिव वान कि मुनलाई पत्र पठायो ।

वार्ताबाट सहमति गर्न मोर्चा तयार जस्तो भएपनि एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, एमाले, संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, संघीय लोकतान्त्रिक मोर्चा र संघीय समाजवादी पार्टी ३३ दलसँग वार्ता गर्न भन्दा पनि निर्वाचनको तयारीतर्फ लागे । ६ सय १ सदस्यीय संविधानसभा बनाउन पुन सहमति गरेका राजनीतिक दलहरु प्रत्यक्ष तथा समानुपातिकका लागि उम्मेदावर छनोट र घोषणापत्र तयारीमा केन्द्रीत भएपछि निर्वाचन आयोगले पनि निर्वाचनका लागि आवश्यक कामलाई तिव्रता दियो । सबै दलहरुबीच सहमति नभएको, ३३ दलीय मोर्चाले निर्वाचनको विपक्षमा अभियान चलाएको र सेना परिचालन गर्ने सरकारी निर्णयले निर्वाचन भय र हिंसारहित हुन्छ भन्नेमा आशंका जन्मायो । यस अवधिमा बन्द लगायतका काम भएपनि ठुला हिंसात्मक घटना भएनन् । सशस्त्र द्वन्द्वका बेला भएका मानव अधिकार उल्लंघनका घटनामा संलग्नलाई कारवाही गर्न सरकारले केही कदम चालेपनि अघिल्लो संविधानसभाबाट सबैभन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादी नेतृत्वले त्यसको प्रतिवाद गर्‍यो । त्यस अतिरिक्त सर्वोच्च अदालतले फौजदारी अभियोग प्रमाणीत भएकाले निर्वाचनमा प्रतिस्पर्धा गर्न नपाउने फैसला सुनायो ।

## सहमतिको सम्भावना अन्त्य

उच्चस्तरीय राजनीतिक समिति तथा सरकार र नेकपा माओवादीसहितको ३३ दलीय मोर्चाबीच लामो समयदेखि सहमतिमै संविधानसभाको निर्वाचन गर्नेबारे वार्ता चल्दै आएको थियो । निर्वाचनको वातावरण बनाउन सरकारले अन्य दलहरुसँग पनि छलफल गर्‍यो । भदौ २२ गते सरकारले विघटित संविधानसभामा रहेका दलहरुसँग गरेको छलफलमा सहभागी २८ दलका प्रतिनिधिले 'सबैलाई समेटेर तोकिएकै मितिमा निर्वाचन गर्न सुझाव'[1] दिए । निर्वाचनको समय नजिक आइसकेको थियो । तैपनि माओवादीसँग सहमति हुन सक्ने/नसक्ने स्पष्ट भएको थिएन । यस्तो बेला भएको वार्ताका सहभागीले माओवादीलाई असोज ७ गतेसम्म पर्खिन समेत सुझाव दिएका थिए । एमाले नेता रघुजी पन्तले 'माओवादीसँग अनौपचारिक रुपमा भइरहेको संवाद सकारात्मक रहेकाले असोज ७ गतेसम्म कुर्ने निर्णय

[1] २८ दलसँग सरकारको परामर्श । २३ भदौ २०७० । *नयाँपत्रिका, पृ.१ ।*

भएको'[2] जानकारी दिएका थिए । काँग्रेस सभापति सुशील कोइरालाले असन्तुष्ट दलहरु चुनावमा आएर मुलुकले 'मुलुकले निकास पाउँछ भने ११ बुँदे सहमति र २५ बुँदे बाधा अड्काउ फुकाउ आदेश संशोधन गर्न तयार'[3] रहेको बताए । तर, त्यसको अर्को दिन उच्चस्तरीय राजनीतिक समितिको बैठकले 'मंसिर ४ को निर्वाचनमा सामेल हुन माओवादी अलिकति पनि सकारात्मक नदेखिएकाले पटक-पटक मौका दिएर पर्खिनु निरर्थक हुने ठहर'[4] गरेको थियो । तैपनि माओवादीसँग 'वार्ताको ढोका खुला राख्दै सम्पूर्ण रुपमा निर्वाचनमा केन्द्रित हुने'[5] समितिको निर्णय थियो । त्यसपछि पनि राजनीतिक दलका नेताहरुले माओवादीसँगको भेटघाटलाई कायम राखे । काँग्रेस सभापति सुशील कोइरालासँग बुद्धनगरिस्थति माओवादीको कार्यालयमा भएको बैठकमा अध्यक्ष मोहन बैद्यले 'निर्वाचनमा जान्छौं तर प्रचारका लागि समय थप्नुपर्छ'[6] भनेका थिए । उता, एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले पनि 'बैद्यजीहरुको दल दर्ता भएको छैन, नेताकै नाम मतदाता सूचिमा छैन, आउने निश्चित भए ८/१० दिन पर चुनावको मिति सारेर त्यसका लागि समय दिन सकिन्छ'[7] भन्ने प्रतिक्रिया दिए ।

दलहरु चुनाव सार्न लचिलो जस्तो भएपछि नेकपा माओवादीले अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिए आफुहरुलाई चुनाव मान्य हुने प्रतिक्रिया दिए । 'चार दलले विकल्प पनि नदिने हामीले भनेको पनि नमान्ने हो भने कुरो मिल्दैन'[8], माओवादी सचिव देव गुरुङको भनाई थियो । दलहरुबीच प्रयास भइरहने तर निष्कर्ष नआइरहेका बेला राष्ट्रपति रामवरण यादवको पहलमा राष्ट्रपति भवनमा विघटित संविधानसभामा प्रतिनिधित्व गर्ने र ती दलहरु विभाजन भएर बनेका दलहरुको बैठक भयो ।

उच्चस्तरीय राजनीतिक समितिमा रहेका दलहरु पनि केही समय चुनाव सार्न र ३३ दलीय मोर्चामा रहेका दलहरु पनि चुनावमा जान तयार देखिएका थिए । बैठकमा मोर्चाले राष्ट्रिय सहमतिका लागि गोलमेच सभाको आयोजना गर्नुपर्ने, संविधानसभाको निर्वाचन चैतमा सार्नुपर्ने लगायतका ४ बुँदे प्रस्ताव पेश गरेको थियो ।[9] रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिनुपर्नेमा भने दलहरु

---

[2] सापकोटा, रेवती । २३ भदौ, २०७० । माओवादीलाई असोज ७ सम्म पर्खिने निर्णय । *अन्नपूर्ण पोष्ट, पृ.१ ।*

[3] विष्ट, दीपेन्द्र । २५ भदौ, २०७० । बैद्य आए बाधा अड्काउ संशोधन । *कान्तिपुर पृ. २ ।*

[4] भट्टराई, चुडामणि र सापकोटा, रेवती । २६ भदौ, २०७० । चुनावमा माओवादीलाई नपर्खिने निष्कर्ष । *अन्नपूर्ण पोष्ट पृ.१ ।*

[5] वार्तासँगै निर्वाचनतिर । २६ भदौ, २०७० । *कान्तिपुर पृ. १ ।*

[6] तिमल्सिना, प्रकाश । २६ भदौ, २०७० । चुनाव सार्न बैद्यको प्रस्ताव । *नागरिक, पृ. १ ।*

[7] पोखरेल, विश्वमणि । २८ भदौ, २०७० । बैद्य चुनावमा आए मंसिरभित्रै अर्को मिति । *नागरिक, पृ.१ ।*

[8] बस्नेत, बालकृष्ण । २८ भदौ, २०७० । प्रधानन्यायाधीशबाट राजीनामा दिए मान्छौ । *काान्तिपुर, पृ.१ ।*

[9] १. राष्ट्रिय सहमतिका लागि गोलमेचसभाको आयोजना गरिनुपर्ने । गोलसमे सभामा संविधानसका सदस्य रहेका दलहरुको साथै आन्दोलनरत दलहरुलाई सहभागी गराइनुपर्ने । गोलमेच सभाको निर्णय प्रक्रिया सहमतिका आधारमा हुनुपर्ने ।

२. वर्तमान सरकारको सट्टा संविधानको धारा ३८ (१) अनुसारको दलिय सरकार गठन गरिनुपर्ने । दलिय सरकारको स्वरुप र त्यसको नेतृत्व बारेमा छलफल गरी सहमति कायम गर्न सकिने । वर्तमान सरकारको नेतृत्व गरिरहनु भएका सम्माननीय प्रधानन्यायाधीश ज्यूले प्रधानन्यायाधीश पदबाट राजीनामा दिन तयार हुनु भएमा वहाँकै नेतृत्वमा पनि दलिय सरकार गठन गर्न सकिेछन ।

३. निर्वाचनमा सबै दलहरुलाई सहभागी गराउन राष्ट्रिय सहमतिमा संविधानसभाको दोस्रो निर्वाचन २०७० साल चै      महिनामा सार्ने ।

४ . नयाँ संविधान निर्माणका मूलभूत अन्तर्वस्तुहरु नयाँ संधिवानको निर्माणको मार्गचित्र र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लगायत १८ बुँदामा उठाइएका विषयहरु गोलमेचसभामा छलफलको कार्य सूची बनाइ आवश्यक निर्णय गर्ने ।

सकाकारात्मक थिएनन् । एमाले अध्यक्ष झलनाथ खनालले बैठक पछि 'रेग्मीलाई प्रधानन्यायधीशबाट राजीनामा गराउने विषयमा काँग्रेसले सकारात्मक दृष्टिकोण नराखेको'[10] प्रतिक्रिया दिए । सोही दिन लाजिम्पाटमा एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यबीच वार्ता भयो । वार्तामा सकेसम्म पार्टी एकता नत्र चुनावी तालमेल गरेर अघि बढ्नेमा कुरा भएको थियो । दाहालले 'मिल्यौं भने हामीले भनेजस्तो संविधान बनाउन सकिन्छ'[11] भनेका थिए । त्यसपछि माओवादीले राखेका मागबारे उच्चस्तरीय राजनीतिक समितिमा छलफल भयो । माओवादीले निर्वाचन सार्न हुँदैन, मंसिरमै हुन्छ, बरु हिमाली क्षेत्रमा मंसिर ४ र अन्य क्षेत्रमा १०/१२ दिनपछि गर्न सकिन्छ भन्नेमा जोड दिएको थियो । मंसिरमा निर्वाचन नभए मुलुकमा अर्को दुर्घटना हुन सक्छ भन्दै काँग्रेस एमाले निर्वाचनको मिति सार्न तयार भएनन् । माओवादी नेता नारायणकाजी श्रेष्ठले 'माओवादीले चुनावमा आउने निर्णय गरिसकेको छ, तर आउन नदिएर अस्थिरता ल्याउन बाह्य शक्ति र तिनका दलालहरु प्रयत्नरत रहेको'[12] टिप्पणी गरे । यता माओवादी अध्यक्ष मोहन बैद्यले 'ठूला दलहरुले विदेशीको प्रभावमा निर्णय परिवर्तन गरेको'[13] आरोप लगाए । उच्चस्तरीय राजनीतिक समितिको निर्णयप्रति असन्तुष्ट माओवादीले राष्ट्रपतिबाट मात्रै आशा रहेको बतायो ।

दलहरुबीच निर्वाचन सार्ने नसार्नेबारे छलफल भइरहेका बेला भदौ ३० गते राष्ट्रपतिको उपस्थितिमा पुन अर्को वार्ता भयो । वार्तामा मोर्चाले मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने विषयलाई मुख्य मुद्दा बनायो । र, निर्वाचन पनि सार्नुपर्नेमा जोड दियो । 'चुनावको तयारीका लागि आफुहरुलाई तीनदेखि साढे तीन महिना लाग्ने'[14] नेकपा माओवादीको भनाई थियो । २८ गते भएको वार्ताबारे औपचारिक रुपमा जानकारी नगराएको राष्ट्रपति कार्यालयले भदौ ३० गतेको वार्तापछि विज्ञप्ति जारी गरी 'उक्त सर्वदलीय बैठकले उच्चस्तरीय राजनीतिक समिति र नेकपा माओवादीबीच वार्ता गरी भोलि नै सम्माननीय राष्ट्रपति र मन्त्रिपरिषद्का सम्माननीय अध्यक्षज्यूलाई जानकारी गराउने गरी आजको छलफल समाप्त भयो' भन्ने उल्लखे गऱ्यो ।

भदौ ३१ गते उच्चस्तरीय राजनीतिक समिति र ३३ दलीय मोर्चाका प्रतिनिधिबीच निर्णायक छलफल हुने भनिएको थियो । यसै अनुसार ३१ गते उच्चस्तरीय समितिको कार्यालय नयाँ वानेश्वरमा दुई पक्षको बीचमा वार्ता भयो । वार्ता शुरु भएको केही बेरमै निस्किएका एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले 'आज केही हुनेवाला छैन' भने । नेपाली काँग्रेस उपसभापति रामचन्द्र पौडेलले 'खिलराज व्यक्तिलाई नभई प्रधानन्यायाधीशलाई चुनावी सरकारको नेतृत्व दिइएको हो उनको राजीनामा कुनै हालतमा सम्भव छैन । खिलराजले राजीनामा दिए दामोदर शर्मा आउँछन' भने । बैठक सकिएपछि बाहिरिएका एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले 'वार्ता भंग भएको छैन, फेरि पनि प्रयास जारी रहन्छ' भन्ने प्रतिक्रिया दिए । यस्तै ३३ दलीय मोर्चाका संयोजक तथा माओवादीका सचिव देव गुरुङले 'हाम्रो माग व्यवस्थासँग हो, व्यक्तिसँगको कुरा होइन । मन्त्रिपरिषद् अध्यक्ष रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा नदिएसम्म चुनाव हुन दिँदैनौं' भन्ने प्रतिक्रिया दिए ।

---

[10] फुयाल, राजेन्द्र र खनाल, दुर्गा । २९ भदौ, २०७० । चुनाव सार्न कसरत । *कान्तिपुर, पृ.१ ।*

[11] बीसी, गंगा । २९ भदौ, २०७० । दाहाल निवासमा दुई माओवादी वार्ता । *कान्तिपुर पृ. ३ ।*

[12] चुनाव सर्दैन : समिति । ३० भदौ, २०७० । *कान्तिपुर, पृ.१ ।*

[13] बस्नेत, बालकृष्ण । ३० भदौ २०७० । राष्ट्रपतिबाट आशा छ । *कान्तिपुर, पृ.१ ।*

[14] शर्मा, भुवन । ३१ भदौ, २०७० । दलहरु सहमति नजिक । *नयाँपत्रिका पृ. १ ।*

मोर्चासँगको वार्ता हुने दिन माओवादी अध्यक्ष दाहालले प्रधानमन्त्री निवास बालुवाटार पुगी मन्त्रिपरिषद् अध्यक्ष रेग्मीसँग भेटघाट गरेका थिए । भेटमा मोर्चाका मागबारे कुरा गर्दा रेग्मीले 'बरु मन्त्रिपरिषद् अध्यक्ष पद छोड्नलतयार छु, प्रधानन्यायाधीशबाट राजीनामा दिन्न' भन्ने जवाफ दिएका थिए । उच्चस्तरीय समितिका प्रतिनिधिसँगको भेटमा उनले 'अध्यक्षबाट राजीनामा दिन तयार रहेको'[15] बताए । त्यस दिन हुने भनिएको 'निर्णायक वार्ता' हुनै सकेन । तर दुवै पक्ष अलग अलग रुपमा राष्ट्रपति कार्यालय पुगेर वार्ताबारे जानकारी गराएका थिए । वार्ता असफल हुनुमा ३३ दलिय मोर्चाको भनाइ थियो -'असहमतिको मुख्य विषय प्रधानन्यायाधीशको राजीनामा प्रश्न रहेको छ । प्रधानन्यायधीशको राजीनामा गराइ सहमति र निर्वाचनको मार्ग प्रशस्त गरिनुको सट्टा ४ दलका नेताहरुले प्रधानन्यायाधीशलाई बोकेर लोकतन्त्र, दलीय व्यवस्था र विधिको शासनलाई विस्थापन गरिएको मात्र होइन, राष्ट्रिय राजनीतिक सहमति र द्वन्द्व व्यवस्थापनलाई समेत तिलाञ्जली दिइएको छ ।[16] यसले गर्दा सहमतिको सम्भावना घटदै गयो । नेकपा माओवादी नेतृत्वको मोर्चा बाहेक नै चुनाव गर्ने दिशामा मुलुक अघि बढ्यो । तैपनि सरकारले ३३ दलीय मोर्चालाई चुनावमा आउन पुनः आह्वान गऱ्यो । सरकारले 'निर्वाचनबाट मात्र मुलुकले राजनीतिक निकास पाउने हुँदा संविधानसभाको निर्वाचनमा मुलुकका बढी भन्दा बढी दलहरुको सहभागिता होस् भन्ने अपेक्षा'[17] रहेको बतायो ।

उच्चस्तरीय राजनीतिक समितिका संयोजक समेत रहेका एमाले अध्यक्ष झलनाथ खनालसँगको भेटमा पनि मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले असन्तुष्ट दललाई सहभागि गराउन एकपटक पुन पहल गर्न आग्रह गरे । 'उमेद्वारी मनोनयनका लागि अझै केही समय बाँकी रहेकाले यसबीचमा असन्तुष्ट पक्षसँग लचिलो भएर सहमतिका लागि पहल गर्न आग्रह गर्दै रेग्मीले खनालसँग सकेसम्म मोहन बैद्य पक्षलाई मनाउने कोसिस गर्न'[18] आग्रह गरे । उता, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले पनि माओवादीलाई निर्वाचनमा ल्याउनुपर्नेमा जोड दिए । उनले 'बैद्यसँग समझदारी नगरी हिँड्दा देशलाई अनिष्ट हुन सक्छ । बैद्य नेतृत्वको माओवादीलाई पनि प्रमुख पार्टी मानेर अघि बढ्नुपर्छ '[19] भने । माओवादी अध्यक्ष दाहाल र नेता बाबुराम भट्टराईले माओवादीका अध्यक्ष मोहन बैद्यसँग भेट गरे । त्यतिबेला बैद्यले आफूहरु चुनावमा आउन चाहेको बताएका थिए । यस्तै काँग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनाललाई फोनबाटै बैद्यले वार्ताको ढोका बन्द नगर्न आग्रह गरे । उनले सेना परिचालनको तयारीबारे आपत्ति जनाउँदै भनेका थिए, 'सहमतिको वातावरण बनाउँछौं पनि भन्ने, सेना परिचालन गरेर बन्दुकको भरमा चुनाव पनि गर्न खोज्ने ?'[20]

उता, राष्ट्रसंघ महासभामा सम्बोधन गर्दै मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले 'असहमत राजनीतिक दलहरुलाई पनि राजनीतिक प्रक्रियाबाट चुनावमा सहभागी गराउने प्रयास भइरहेको'[21] बताए । वार्तामा सहमति नभएपछि र सेना परिचालन गर्ने निर्णय भएपछि माओवादीले सेना परिचालन गरिए २०६३

---

[15] राजनामा दिन्न, बरु सरकार छाड्छु । १ असोज, २०७० । *कान्तिपुर, पृ.१ ।*

[16] ३३ दलीय मोर्चाले जारी गरेको प्रेस नोट । १ असोज, २०७०।

[17] बैद्य मोर्चालाई फेरि आह्वान । ५ असोज, २०७० । *कान्तिपुर पृ. २ ।*

[18] खनाललाई रेग्मी आग्रह असन्तुष्ट दललाई मनाऊ । ६ असोज, २०७० । *अन्नपूर्ण पोष्ट पृ. २ ।*

[19] बैद्यका अजेण्डामा पर्याप्त बहस भएन :थापा । ८ असोज, २०७० । *अन्नपूर्ण पोष्ट पृ. ३ ।*

[20] बीसी, गंगा । १३ असोज, २०७० । चुनावमा आउन चाहन्छौं : बैद्य । *कान्तिपुर पृ. १ ।*

[21] असन्तुष्टलाई चुनावमा ल्याउने प्रयासमा छों । १३ असोज, २०७० । *नयाँपत्रिका पृ. १ ।*

सालमा भएको बृहत शान्ति सम्झौता विपरित हुने भन्दै संयुक्त राष्ट्रसंघका महासचिवलाई ३३ दलीय मोर्चाका तर्फबाट पत्र पठाए । र, ३३ दलीय मोर्चाले विद्यमान संकट समाधान गर्दै संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्नका लागि ४ दलका नेताहरुलाई फेरि वार्ताका लागि आह्वान गर्दै भने, 'वर्तमान समस्या समाधानका लागि दलहरुबीच सहमति कायम गरी नयाँ संविधान निर्माण र त्यसको लागि निर्वाचन गरिनुको विकल्प छैन ।'[22]

**मोर्चा गतिविधि**

३३ दलीय मोर्चाले एकातिर उच्चस्तरीय राजनीतिक समितिसँग वार्ता गरिरहेको थियो भने अर्कोतिर आन्दोलनका कार्यक्रम पनि सँगै अघि बढाएको थियो ।[23] भदौ २७ देखि ३१ सम्म मोर्चाले क्षेत्रगत बन्द गर्‍यो । भदौ २७ गते उसले काठमाडौं उपत्यका बन्द गर्‍यो । माओवादीले गरेको बन्दप्रति युरोपेली युनियनले आपत्ति जनाउँदै 'यस्ता क्रियाकलाप रोक्न'[24] आग्रह गर्‍यो । भदौ ३० गते राष्ट्रपति, उपराष्ट्रपतिको उपस्थितिमा दलहरुबीच वार्ता भइरहेका बेला ३३ दलीय मोर्चाका कार्यकर्ताले काभ्रेमा बन्दको अवज्ञा गरेको भन्दै गुडिरहेको बस रोकेर आगो लगाए । 'आगो लागेपछि बसभित्रका यात्रुले झ्यालबाट हाम फालेर ज्यान बचाए'[25]का थिए । यी बाहेक पूर्वका केही जिल्ला स्थानीय संगठनहरुले गरेको बन्दको मारमा परे ।

| मिति | घटना | कसले ? |
|---|---|---|
| भदौ २७ | उपत्यका बन्द | ३३ दलीय मोर्चा |
| भदौ २८ | सुदूर पश्चिम बन्द | ३३ दलीय मोर्चा |
| भदौ ३० | पूर्वी तराई र मध्य पहाड बन्द | ३३ दलीय मोर्चा |
| भदौ ३१ | मध्यपश्चिम बन्द | ३३ दलीय मोर्चा |

माओवादीले पनि चुनाव बिथोल्ने वातावरण तयार पार्ने प्रयास जारी राख्यो । माओवादीका महासचिव रामबहादुर थापाले चुनाव बिथोल्न आवश्यक परे हतियार बाँड्ने बताए । 'हतियार घरघर र गाउँगाउँमा

[22] ३३ दलीय मोर्चाको प्रेस नोट । असोज १३, २०७० ।

[23] *भदौ २७ गते बिहीबार - उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) र पूर्वी क्षेत्र (इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ र सुनसरी) ) बन्द गर्ने ।*
*भदौ २८ गते शुक्रबार - सुदुर पश्चिम क्षेत्र (अछाम, बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेलधुरा, डोटी, सुर्खेत, जाजरकोट, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, दैलेख, कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ) बन्द गर्ने ।*
*भदौ ३० गते आइतबार - पूर्वी तराई (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट) र मध्य पहाड (सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, रसुवा, धादिङ, चितवन र मकवानपुर) बन्द गर्ने ।*
*भदौ ३१ गते सोमबार - मध्य पश्चिम (रुकुम, सल्यान, रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची, पाल्पा, बाग्लुङ, म्याग्दी, गोरखा, लम्जुङ, मनाङ, मुस्ताङ, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, कपिलवस्तु, रुपन्देही र नवलपरासी ) बन्द गर्ने ।*

[24] बन्द रोक : इयू । २८ भदौ २०७० । *कान्तिपुर, पृ.१ ।*

[25] गोले, राजकुमार । ३१ भदौ, २०७० । यात्रुसहितकै बसमा आगलागी, *नयाँ पत्रिका पृ. १ ।*

आइपुग्ने'[26] उल्लेख गर्दै थापाले हतियार बोक्ने आँट गर्न कार्यकर्तालाई आग्रह गरे । यस्तै माओवादीका सचिव नेत्रविक्रम चन्दले धरानमा पुगेर चुनाव सक्रिय बहिस्कार गर्ने र हतियार समेत प्रयोग गर्ने भनेर चेतावनी दिए । उनले भनेका थिए, 'हामीसँग अझै धेरै संख्यामा हतियार छन् । राज्य शक्तिको आडमा माओवादीविरुद्ध सेना र प्रहरी परिचालन गरिए हतियार पड्किनेछन् ।'[27] यसैबीच भदौ ३० गते जाजरकोटमा लुकाएर राखिएको अवस्थामा ठूलो मात्रामा हतियार भेटियो । डिआईजी राजेन्द्रसिंह भण्डारीले 'हतियार कतै लैजान लागेको सूचना पाउनासाथ सर्च अप्रेसन गरेर पत्ता लगाइएको'[28] बताए ।

मंसिर ४ गतेको निर्वाचनको पक्षमा रहेका दलहरुले चुनावको तयारी गरिरहेका बेला ३३ दलीय मोर्चाले राजधानीको खुलामञ्चमा विरोध सभा गर्‍यो । अध्यक्ष मोहन बैद्यले '३३ दलीय मोर्चालाई पाखा लगाएर गरिएको संविधानसभा निर्वाचनको औचित्य नरहेको'[29] बताए । उनले 'राष्ट्रपतिले सहमति गराएर लान्छु भन्नुभएको थियो, हामीलाई आशा पनि थियो तर राष्ट्रपतिको पनि भूमिका राम्रो भएन'[30] भने । त्यसपछि माओवादीले निर्वाचन बहिस्कार गरेको जानकारी गराउन थाल्यो । यसैक्रममा माओवादीले एमाओवादी अध्यक्ष दाहाललाई पत्र पठाइ भन्यो-'हाम्रो पार्टीले राष्ट्रघाती, जनविरोधी तथा प्रतिगामी कथित दोस्रो संविधानसभा निर्वाचन सक्रिय र सशक्त रुपमा बहिस्कार गर्ने निर्णय लिएको जानकारी गराउँछौं'[31] । सरकार र दलहरु निर्वाचनको पक्षमा लागेपछि माओवादी नेतृत्वको मोर्चाले निर्वाचनको विपक्षमा आफ्नो सक्रियता बढायो । असोज १० गते मोर्चाले संविधानसभा निर्वाचनलाई बिथोल्न कार्तिक २५ देखि मंसिर ५ गतेसम्म आमहड्ताल घोषणाको कार्यक्रम सार्वजनिक गर्‍यो ।[32] त्यसको केही दिनमै माओवादीका कार्यकर्ताले जाजरकोटको सदरमुकाम खलंगामा निर्वाचन सामग्री खासे ।'[33]

---

[26] दाहाल, रवि । १७ भदौ, २०७० । चुनाव बिथोल्न गाउँगाउँमा हतियारः थापा । *अन्नपूर्ण पोष्ट, पृ.१ ।*

[27] आचार्य, रत्नप्रसाद । २१ भदौ, २०७० । हतियार छन्, बहिस्कारमा पड्कन्छन् । *अन्नपूर्ण पोष्ट, पृ.१ ।*

[28] नेपाल, जनक र भीमबहादुर सिंह । ३१ भदौ, २०७०) लुकाइएका हतियार ठूलो मात्रामा भेटिए । *कान्तिपुर, पृ.१ ।*

[29] राजधानीमा ३३ दलको शक्ति प्रदर्शन, चुनाव ध्वस्त पार्ने बैद्यको चेतावनी । ८ असोज, २०७० । *नयाँपत्रिका पृ. ३ ।*

[30] चुनावमा आउन दिएनन् । ८ असोज, २०७० । कान्तिपुर पृ. ३ ।

[31] सापकोटा, रेवती । १० असोज, २०७० । चुनाव बिथोल्न चन्दा आतंक, माओवादी मागपत्र दाहाललाई ।*अन्नपूर्ण पोष्ट पृ. १ ।*

[32] असोज १९ गतेदेखि कार्तिक १ गतेसम्म घरदैलो अभियान, साँस्कृतिक अभियान सञ्चालन गर्ने र उम्मेवारहरुको घर-घरमा उम्मेदवारी फिर्ताका लागि पत्राचार गर्ने । देशभक्त तथा राष्ट्रसेवक कर्मचारी र सुरक्षाकर्मीहरुलाई ४ दलका राष्ट्रघाती कदमका साथ नदिन अपिल गर्ने । कार्तिक २ गतेदेखि राष्ट्रघाती विदेशी दलाल उम्मेदवारहरुलाई जिल्ला तथा गाउँ प्रवेशमा रोक लगाउने । दलाल उम्मेदवारहरुको घर अगाडि कालो झण्डा गाड्ने । दलाल उम्मेदवारहरुका विरुद्ध सामाजिक बहिस्कार अभियान सञ्चालन गर्ने । दलका राष्ट्रघाती शिर्ष नेताहरु जहाँ-जहाँ पुग्छन उक्त दिन उक्त जिल्ला बन्द गर्ने । प्रत्येक बुथ-बुथमा युवाहरुको बहिस्कार टोली गठन गरी बहिस्कार कार्यक्रमलाई प्रभावकारी बनाउने । कार्तिक २५ गतेदेखि मंसिर ५ गतेसम्म १० दिन देशव्यापी आमहडताल र नेपाल बन्द गरी मंसिर ४ को निर्वाचनलाई सक्रिय रुपले बहिस्कार गर्ने । यथास्थितिको निर्वाचनको बहिस्कारको पक्षमा जुनसुकै समुह वा घटकहरुले आन्दोलनका कार्यक्रमहरु सञ्चालन गरेपनि त्यसलाई समर्थन गर्ने । देशभक्त तथा राष्ट्रसेवक कर्मचारी र सुरक्षाकर्मीहरुलाई ४ दलको राष्ट्रघाती कमदमा साथ नदिन अपिल गर्ने । प्रत्येक बुथ-बुतमा युवाहरुको बहिस्कार टोली गठन गरी बहिस्कार कार्यक्रमलाई प्रभावकारी बनाउने । (३३ दलीय मोर्चाको प्रेस नोट, १० असोज, २०७०) ।

[33] निर्वाचन सामग्री लुटिए । १३ असोज, २०७० । *कान्तिपुर पृ. १ ।*

## चुनावमा म्यादी प्रहरी र नेपाली सेना

चुनावको सुरक्षाका लागि सरकारले ५० हजार म्यादी प्रहरी राख्ने'[34] योजना बनायो । सुरुमा 'म्यादी प्रहरीमा राजनीतिक कार्यकर्ता भर्ना हुने भन्दै[35] आयोगले असन्तुष्टी व्यक्त गरेको थियो । सरकारले आग्रह गरेपछि भने आयोगले म्यादी प्रहरी राख्न अनुमति दियो । प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले 'मतदान केन्द्रभित्र सेना र सशस्त्र प्रहरी राख्न नमिल्ने भएकाले म्यादी भर्ना गर्नुपर्ने'[36] बताए । उता आयोगका सुरक्षा समितिका संयोजक तथा आयुक्त दोलखबहादुर गुरुङले 'निर्वाचन सुरक्षा, निष्पक्षता र पारदर्शीतामा कुनै असर पर्न नदिने भन्दै गृहमन्त्रीले प्रतिबद्धता जनाएकाले म्यादी प्रहरी भर्ना गर्न सहमति दिएको'[37] स्पष्ट पारे । गृह मन्त्रालयले 'सुरक्षाका लागि कम्तीमा ९ अर्ब रुपैयाँ'[38] माग्यो । संविधानसभा चुनावको सुरक्षाका लागि सरकारले असोज ४ गतेबाट म्यादी प्रहरी छनौट शुरु गऱ्यो ।[39]

उता, नेकपा माओवादी नेतृत्वको मोर्चाले निर्वाचन बिथोल्न थप कार्यक्रम गर्दै गर्दा निर्वाचनको पक्षमा रहेका दलहरु र सरकारले सेना परिचालनको कुरा अघि बढाए । त्यसपछि मोर्चाले भन्यो, 'हालै चार दलको नेताहरको उक्साहटमा नेपाल सरकारद्वारा निर्वाचनको सुरक्षाको नाममा नेपाली सेना परिचालन गर्ने भनी समाचार माध्यमहरुमा आएको समाचारप्रति हाम्रो ध्यान आकृष्ट भएको छ । यदि त्यो सत्य हो भने राष्ट्रिय सार्वभौमसत्ताको सुरक्षार्थ गठित नेपाली सेनालाई निर्वाचन जस्तो नितान्त आन्तरिक राजनैतिक मामिलामा प्रयोग गर्नुले मुलुकलाई जर्वजस्त रुपले द्वन्द्वमा धकेल्नेछ । अतः यसप्रकारको जनघाती कदम नचालियोस भनी चार दलका नेताहरु र नेपाल सरकारलाई बेलैमा सचेत गराउने निश्चित गरिएको छ ।'[40]

प्रधानसेनापति गौरवशम्शेर जवरासँगको भेटमा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले चुनावी सुरक्षा 'नपुगमा सेना'[41] परिचालन गर्ने बताए । त्यसपछि सेना परिचालनले थप चर्चा पायो । असोज १ गते बसेको सुरक्षा परिषद्को बैठकले चुनावमा 'सेना परिचालन गर्न मन्त्रिपरिषद्मा सिफरिस'[42] गर्ने निर्णय गऱ्यो । सरकारले चुनावमा सेना परिचालन गर्ने औपचारिक सिफारिस राष्ट्रपति समक्ष बुझायो । 'राष्ट्रपतिसँगको भेटमा (मन्त्रिपरिषद्) अध्यक्ष रेग्मीले निर्वाचन सुरक्षाका चुनौति र सेना परिचालनको आवश्यकताबारे जानकारी गराएका थिए ।'[43] सरकारले गरेको सेना परिचालनसम्बन्धी सिफारिसमा

---

[34] फुयाल, राजेन्द्र । १९ भदौ, २०७० । ५० हजार म्यादी राख्ने प्रस्ताव । *कान्तिपुर, पृ.१ ।*

[35] काफ्ले, नारायण । १९ भदौ, २०७० । ५० हजार म्यादी प्रहरी भर्ना प्रस्ताव । *नयाँपत्रिका, पृ.१ ।*

[36] अधिकारी, सरोजराज र फुयाल, राजेन्द्र । २५ भदौ, २०७० । म्यादी प्रहरी भर्ना गर्न आयोगको अनुमति ।*कान्तिपुर पृ. १ ।*

[37] सुवेदी, अर्जुन । २५ भदौ, २०७० । चुनावमा ५० हजार म्यादी ।*नागरिक पृ. १ ।*

[38] धिताल, मैना । २० भदौ, २०७० । सुरक्षा चुनौतिले चुनाव महँगिदै । *कान्तिपुर, पृ.१ ।*

[39] म्यादी प्रहरी भर्ना छनोट सुरु । ५ असोज, २०७० । नागरिक पृ. २ ।

[40] ३३ दलीय राजनीतिक मोर्चाले जारी गरेको प्रेस विज्ञप्ति । भदौ १९, २०७० ।

[41] नपुगमा सेना । १ असोज, २०७० । नागरिक पृ. १ ।

[42] सेना परिचालनको सिफरिस । २ असोज २०० । *कान्तिपुर पृ. १ ।*

[43] फुयाल, राजेन्द । ५ असोज, २०७० । सेना परिचालनको सिफारिस । *कान्तिपुर पृ. २ ।*

संवैधानिक अड्चन देखिएपछि राष्ट्रपति यादवले ‘बाधा अड्काउ सिफरिस गर्न’[44] सरकारलाई सुझाव दिए । सेना परिचालन गर्न सरकारले बाधा अड्काउ आदेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफरिस गर्‍यो ।[45] त्यस निर्णयप्रति ३३ दलीय मोर्चाले आपत्ति जनाउदै तत्काल बदर गर्न माग गरे । मोर्चाले प्रेस नोट जारी गर्दै भन्यो, ‘सेनालाई निर्वाचन जस्तो नितान्त आन्तरिक मामिलामा दुरुपयोग गर्नु खोज्नु भनेको वृहत शान्ति सम्झौताको गम्भीर उल्लघंन हो र युद्ध घोषणा गरी द्वन्द्व निम्ताउनु पनि हो । अतः उक्त निर्णय अबिलम्ब बदर गर्न माग गर्ने’।[46]

सेना परिचालनका लागि सरकारले गरेको बाधा अड्काउ फुकाउ सिफरिस राष्ट्रपतिले अनुमोदन गरे ।[47] त्यसबारे ३३ दलीय मोर्चाको भनाइ थियो, ‘बाधा अडकाउ फुकाउ मार्फत फेरि पनि अन्तरिम संविधानलाई ध्वस्त बनाइएको छ । त्यसबाट निर्वाचनको सुरक्षाको नाममा मुलुकमा अर्को द्वन्द्व निम्ताउन खोजिएको छ ।[48] त्यसपछि सेनाले ३ अर्ब १४ करोड ४ लाख रुपैयाँ बजेट माग गर्‍यो ।

निर्वाचनको तयारी भइरहँदा सरकारले सुरक्षामा चासो बढाउँदै गयो । सुरक्षाका हिसाबले १६ जिल्लालाई अति संवेदनशील मानियो । ‘गृह मन्त्रालयले तयार पारेको एकीकृत निर्वाचन सुरक्षा योजनामा १६ जिल्ला अति संवेदनशील, २० जिल्ला बढी संवेदनशील र बाँकी जिल्ला सामान्यमा वर्गीकरण’[49] गरिएको थियो । यस्तै चुनावमा परिचालित हुने निश्चित भएपछि नेपाली सेनाले पनि आफ्नै योजना बनाउन थालेको थियो । उसले पाँच तहको सुरक्षा योजना बनायो । पहिलोमा राप्ती अञ्चलका जिल्ला, दोस्रो कर्णाली, तेस्रो महाकाली, चौथो पूर्वका पहाडी जिल्ला र पाँचौ तराईका जिल्ला थिए । ‘राप्तीमा रुकुम, सल्यान, रोल्पा, दाङ र प्युठान जिल्ला’[50] सेनाको सुरक्षा चुनौतिको पहिलो नम्बरमा परे । निर्वाचन सुरक्षाका लागि कुल ८ अर्ब छुट्टाइएको भएपनि नेपाली सहित गर्दा करिव १४ अर्ब’[51] रुपैयाँ माग भयो । निर्वाचनमा करिव एक लाख ८० हजार सुरक्षाकर्मी परिचालित भए ।

३३ दलीय मोर्चाले चुनाव भाँड्ने रणनीति तय गरिरहेका बेला सुरक्षा निकायले त्यसको कडा प्रतिरोध गर्ने निर्णय गरे । शहरी विद्रोह प्रतिरोध गर्न विशेष ध्यान दिने, फौजलाई तीन महिनाको रासन भण्डार

---

[44] अधिकारी, बालकृष्ण । ६ असोज, २०७० । सेना खटाउन संवैधानिक अड्चन । *नागरिक पृ. १ ।*

[45] बानियाँ, बलराम । ८ असोज, २०७० । सेना परिचालनका लागि बाधा अड्काउ फुकाइने । *कान्तिपुर पृ. १ ।*

[46] ३३ दलीय मोर्चाले जारी गरेको प्रेस नोट । असोज ५, २०७० ।

[47]सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम नेपाली जनताको अर्को संविधानसभाको निर्वाचनमा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित एवं भयमुक्त वातावरणमा सहभागी हुन पाउने अधिकारको प्रत्याभुतिका लागि राष्ट्रिय सुरक्षा परिषद्बाट भएको सिफारिस बमोजिम निर्वाचन अवधिभर नेपाली सेनाको परिचालन समेत गरी निर्वाचनमा शान्ति सुरक्षा कायम राख्न वाञ्छनीय भएको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४५ को पउधारा (५) मा प्राकृतिक विपत् परेको कारणले नेपाली सेना परिचालन भएकोमा बाहेक सेना परिचालन सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय एक महिनाभित्र व्यवस्थापिका -संसदले तोकेको विशेष समितिमा प्रस्तुत भइ अनुमोदन हुनुपर्नेछ भने व्यवस्था भएकोमा हाल व्यवस्थापिका-स्रसदले तोकेको विशेष समितिबाट अनुमोदन हुन सक्ने अवस्था नभइ बाधा उत्पन्न भएकोल अर्को संविधानसभाको निर्वाचन भइ व्यवस्थापिका-संसदले तोकेको विशेष समितिबाट एक महिनाभित्र अनुमोदन गराउने गरी राजनीतिक सहमति समेतका आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मिति २०७०/०६/०८ गते बाधा अडकाउ फुकाउन आदेश जारी भएकोले यो विज्ञप्ति प्रकाशन गरिएको छ (राष्ट्रपतिको कार्यालयबाट जारी प्रेस विज्ञप्ति) ।

[48] ३३ दलीय मोर्चाले जारी गरेको प्रेस नोट । १० असोज, २०७० ।

[49] मैनाली, नवराज । १२ असोज २०७० । १६ जिल्ला अति संवेदनशील । *नयाँपत्रिका पृ. १ ।*

[50] थामी, टेकराज । १२ असोज २०७० । सेनाको पनि आफ्नै योजना । *नयाँपत्रिका पृ. १ ।*

[51] ढुंगाना, केपी । ४ असोज, २०७० । सुरक्षा खर्च १४ अर्ब नाघ्ने । *नागरिक पृ. १ ।*

गर्न निर्देशन र म्यादी प्रहरीमा बैद्य समूहको प्रवेश रोक्ने निर्णय भएको थियो । गृहमन्त्री माधवप्रसाद घिमिरेको अध्यक्षतामा बसेको सुरक्षा प्रमुखहरुको बैठकले 'काठमाडौं उपत्यकामा शहरी विद्रोहको खतरा रहेको भन्दै विशेष सुरक्षा योजना पारित'[52] गऱ्यो ।

## मुख्य राजनीतिक घटना

| मिति | निकाय | निर्णय |
|---|---|---|
| भदौ १७ | निर्वाचन आयोग | चुनावअघि सबै मतदातालाई परिचयपत्र वितरण गर्ने । |
| भदौ १८ | गृहमन्त्रालय | निर्वाचन सुरक्षालाई ८ अर्ब माग |
| भदौ २१ | उच्चस्तरीय राजनीतिक समिति र संघीय समाजवादी पार्टीबीच वार्ता | संविधानसभा संख्या ६०१ बनाउने सहमति । समाजवादी निर्वाचनमा जान तयार । |
| भदौ २२ | सरकार र २८ दल छलफल | चुनाव नसार्ने सहमति |
| भदौ २५ | उच्चस्तरीय समिति बैठक | माओवादीसँग वार्ताको औचित्य समाप्त । चुनावका लागि नपर्खिने भनाइ । |
| भदौ २८ | राष्ट्रपति कार्यालयमा सर्वदलीय बैठक | चुनावमा जानेबारे छलफल । |
| भदौ ३० | राष्ट्रपति कार्यालयमा सर्वदलीय बैठक | ३१ गते अन्तिम निर्णय दिन राष्ट्रपति रामवरण यादवको आग्रह |
| भदौ ३१ | उच्चस्तरीय राजनीतिक समिति र ३३ दलीय मोर्चाबीच वार्ता | अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने मोर्चाको भनाइ । माओवादीले निर्वाचन नचाहेको प्रमुख दलको आरोप । निर्णायक भनिएको वार्ता हुन सकेन । |
| असोज १ | राष्ट्रपति | सरकारको सिफारिसमा संविधान संशोधन । बाधा अड्काउ फुकाई संविधानसभामा ६ सय १ हुने प्रावधान कायम । |
| असोज ३ | निर्वाचन आयोग | निर्वाचन कार्यतालिका हेरफेर । मनोनयन दर्ता १ हप्ता पर । |
| असोज ४ | सरकार | ३३ दलीय मोर्चालाई चुनावमा आउन पुनः आह्वान |
| असोज ४ | सरकार | म्यादी प्रहरी छनोट सुरु |
| असोज ७ | काँग्रेस | संसदीय समिति गठन |

[52] भट्टराई, चूडामणि । १४ असोज, २०७० । निर्वाचन भाँड्नेविरुद्ध विशेष सुरक्षा तयारी । *अन्नपूर्ण पोष्ट पृ. १ ।*

| | | |
|---|---|---|
| असोज २ | सुरक्षा परिषद् | चुनाव सुरक्षामा सेना खटाउने निर्णय |
| असोज १० | सर्वोच्च | हत्याका दोषी चुनाव लड्न नपाउने फैसला |
| असोज ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | घोषणापत्र सार्वजनिक । राष्ट्रप्रमुखका रुपमा संवैधानिक राजतन्त्र र कार्यकारी प्रमुखका रुपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री । |
| असोज १२ | ३३ दलीय मोर्चा | सेना परिचालन गरेर चुनाव गरे शान्ति सम्झौता भंग हुने भन्दै राष्ट्रसंघका महासचिव वान कि मनुलाई पत्र । |
| असोज १३ | १३ गृहमन्त्री माधवप्रसाद घिमिरेको अध्यक्षतामा बसेको सुरक्षा प्रमुखहरुको बैठक । | विशेष सुरक्षा योजना पारित । |
| असोज १३ | ३३ दलीय मोर्चा | वार्ताका लागि पुन आह्वान । चार दलका नेताले गम्भीर भूल गरेको आरोप । |

**अन्ततः ६०१ नै**

भदौ २१ गते भएको उच्चस्तरीय राजनीतिक समिति र संघीय समाजवादी पार्टीबीचको वार्तामा संविधासनभाको संख्या ६ सय १ नै बनाउने सहमति भयो । र, यो सहमतिपछि संघीय समाजवादी पनि चुनावमा जान तयार भयो । एमाले नेता रघुजी पन्तले ‘संघीय समाजवादी पार्टीसँग पनि सम्झौता भएकाले नेकपा माओवादी झनै एक्लिएको र त्यसले उनीहरुलाई निर्वाचनमा आउन दबाब थप्ने’[53] बताए । दलहरुबीच कहिले छलफल हुने र कहिले नहुने हुँदा निर्वाचन आयोगलाई काम अघि बढाउन सहज भएन । दलहरुसँग भएको नयाँ सहमति अनुसार संविधानसभा सदस्यको संख्या ६०१ पु¥याउन संविधान संशोधन नभएको आयोगको भनाइ थियो । यसैबीच उच्चस्तरीय राजनीतिक समितिका नेताले ‘संवैधानिक तथा कानुनी अड्चन फुकाउन सरकारलाई लिखित सुझाव दिए ।’[54]

दलहरुबीच भएको सहमतिअनुसार असोज १ गते राष्ट्रपतिले बाधा अड्काउ फुकाए । २०६९ चैत १ गते गैर राजनीतिक सरकार गठन गर्न बाधा अड्काउ फुकाउ आदेशबाट संविधान संशोधन गरिएको थियो भने २०७० असोज १ गते संविधानसभा सदस्य संख्या ६०१ बनाउन दोस्रो पटक बाधा अडकाउ फुकाइयो । राष्ट्रपतिले ‘संविधानसभा सदस्य संख्या ६ सय १ हुने व्यवस्थालाई अनुमोदन’[55] गरे । यस्तै राष्ट्रपतिले दोस्रो पटक बाधा अड्काउ फुकाएपछि दोस्रो संविधानसभा पनि ६ सय १ नै हुन गयो । ‘प्रत्यक्षतर्फ २४० र समानुपातिक तर्फ ३३५ सदस्य र मन्त्रिपरिषद्बाट नियुक्त हुने २६ जना’[56] को

[53] दाहाल, मणि र तिमल्सिना, प्रकाश । २२ भदौ २०७०। विपरित ध्रुवमा वैद्य एक्लो, *नागरिक पृ. १ ।*

[54] चार दल रेग्मी भेट, अड्चन फुकाउन सरकारलाई सुझाव । २७ भदौ, २०७० । *नयाँपत्रिका पृ. १ ।*

[55] फुयाल, राजेन्द्र । २ असोज, २०७० । दोस्रोपल्ट बाधा अड्काउ फुकुवा, अन्ततः ६०१ । *कान्तिपुर पृ. १*

[56] पण्डित, सागर । २ असोज, २०७० । ६०१ कै संविधानसभा । *नयाँपत्रिका पृ. १ ।*

व्यवस्था गरिएको थियो जबकी यसअघि मुख्य राजनीतिक दलहरु सुरूमा ४ सय ९१ र पछि ५ सय ८५ मा सहमत भएका थिए ।

## दलहरु टिकटको चटारोमा

३३ दलीय मोर्चा नआए पनि अब चुनाव गर्ने दिशामा मुलुक अघि बढेसँगै प्रमुख दलहरु उम्मेदवार छान्न केन्द्रित भए । उनीहरुले क्षेत्रिय निर्वाचन र जिल्ला कमिटीबाट उम्मेदवारको नाम मागे । प्रमुख राजनीतिक दलहरुले उम्मेदवारका लागि प्रत्येक निर्वाचन क्षेत्रबाट प्रत्यक्ष तथा समानुपातिकमा एक भन्दा बढी नेताको माग गरे । स्थानीय तहमा समेत सिफारिसमा पर्न व्यापक दबाब तथा नाराजुलुस भएका थिए । जनकपुरबाट सिफारिस नभएपछि राष्ट्रपति रामवरण यादवका छोरा चन्द्रमोहनको पक्षमा सयौं समर्थकले पार्टीको धनुषा जिल्ला कार्यालयमा नाराबाजी'[57] गरेका थिए ।

मोरङबाट प्रत्यक्ष र समानुपातिक दुवैमा काँग्रेस नेतृ सुजाता कोइरालाको नाम सिफरिस भएन । उनले आफ्नो नाम सिफरिस नहुनुलाई 'गिरिजाप्रसाद कोइरालाको इतिहास समाप्त पार्ने षड्यन्त्र' भएको संज्ञा दिइन् । विराटनगरको जीपी फाउण्डेसनमा पत्रकार सम्मेलन गर्दै उनले 'यति ठूलो डिक्टेटरसिप र तानाशाहीलाई अगाडी बढाइँदैछ पार्टी भित्रबाट यसको विरोध'[58] गर्नैपर्ने बताइन । कतिपयले समानुपातिक र प्रत्यक्षमा नपरेको भन्दै तीव्र आक्रोश व्यक्त गरे ।

पार्टीभित्र निकै घम्साघम्सकाबीच उम्मेदवार छनौट प्रक्रियालाई दलहरुले अघि बढाए । उता, दलहरुको आग्रहमा निर्वाचन आयोगले निर्वाचन कार्यक्रम एक साता सार्‍यो । प्रमुख निर्वाचन आयुक्त उप्रेतीले 'असहमत पक्षलाई निर्वाचनमा सहभागि गराउने र निर्वाचनको वातावरण अझ सहज बनाउने सरकार र दलहरुको आग्रहअनुसार आयोगले उमेदवारी मनोनयन प्रक्रिया एक साता पर सार्ने निर्णय गरेको'[59] बताए । पहिलेको तालिकाअनुसार समानुपातिक चाहने दलहरुको मनोनयन दर्ता असोज ७, उम्मेदवारहरुको बन्द सूची पेश असोज ११ गते थियो भने पहिलो हुने निर्वाचित हुने निर्वाचनतर्फ उम्मेदवारको मनोनयन दर्ता असोज १० थियो । त्यसलाई एकहप्ता सारेर आयोगले समानुपातिकको असोज १४ र प्रत्यक्षतर्फको असोज १७ गते पुर्‍यायो ।

प्रत्यक्ष र समानुपातिकतर्फ उम्मेदार चयनका लागि राजनीतिक दलहरुले निकै गम्भीर गृहकार्य गर्नुपर्‍यो । काँग्रेसले नेपाली काँग्रेसमा जिल्ला जिल्लाबाट प्रत्यक्ष र समानुपातिकका उमेद्वारका सिफरिस आएका भए पनि त्यसको छनौट गर्ने निकाय संसदीय बोर्ड गठन हुन नसकेको खबर मुख्य बन्यो । 'संस्थापन र देउवा पक्षको विवादले महाधिवेशन भएको दुई महिनाभित्र बन्नुपर्ने संसदीय बोर्ड'[60] बन्न सकेको थिएन । एकातिर टिकट माग्नेको संख्या धेरै थियो भने अर्कोतिर संसदीय वोर्ड पनि गठन हुन सकेन । वरिष्ठ नेता शेरबहादुर देउवाले एकलौटी अघि बढ्ने हो भने आफुहरू चुनावमा प्रतिस्पर्धा नगर्ने बताए ।[61]

---

[57] खुद्दार, हदिश । २० भदौ २०७० । राष्ट्रपति पुत्रले काँग्रेस कार्यालय घेरे । *नयाँपत्रिका, पृ. १ ।*

[58] ढकाल, खिलानाथ (१७ भदौ २०७०) उमेद्वारी सिफरिस नपरेपछि सुजाताले भनिन् गिरिजाबाबुको हिष्ट्रि समाप्त पार्ने षड्यन्त्र, *सेतोपपाटी डट कम* retrieved from http://setopati.com/raajneeti/3572/

[59] फुयाल, राजेन्द्र (४ असोज २०७०) निर्वाचन कार्यक्रम एक साता सयो, *कान्तिपुर पृ. १ ।*

[60] सापकोटा, रमेश (२४ भदौ २०७०) काँग्रेसमा नाम आए छनोट बोर्ड अझै बनेन, *नयाँपत्रिका*

[61] अधिकारी, बालकृष्ण (३० भदौ २०७०) काँग्रेसमा टिकट किचलो, *नागरिक पृ. १*

कांग्रेसले पार्टीभित्रको विवाद  साम्य पार्दै संसदीय बोर्ड गठन गऱ्यो । उमेद्वार छनौटका लागि गठन गरिएको संसदीय वोर्डमा 'संस्थापन पक्षका नौजना र देउवा पक्षका पाँच जना'[62] थिए ।

यता, माओवादीमा पनि किचलो देखा पऱ्यो । नारायणकाजी श्रेष्ठ पार्टीभित्र असन्तुष्ट भए । अध्यक्ष पुष्पकमल दाहाल र बाबुराम भट्टराईले निर्णय गर्न थालेको भन्दै उनी असन्तुष्ट भएका थिए । 'दाहाल र भट्टराईले श्रेष्ठलाई फकाउन शनिवार उनकै निवास हरिसिद्धिमा ब्रेक फस्ट बैठक गरे । त्यसक्रममा उम्मेदवारी घोषणाका लागि दाहाल र भट्टराईले गरेको आग्रहमा उनले हतार छैन भन्दै फेरि टारे ।'[63] उम्मेदवार छनोट प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै एमाले अध्यक्ष झलनाथ खनालको सचिवालयका सचिव निर्मल भट्टराईले पार्टी परित्याग गरे । 'पार्टीमा मेहनत गरेका भन्दा नेताको खल्तीबाट झिकिएका उमेद्वार बनाउने नीति अवलम्बन गरिएको'[64] भन्दै उनले पार्टी परित्याग पत्र अध्यक्ष खनाललाई बुझाएका थिए ।

प्रत्यक्षमा ठूला नेताहरुलाई उठाउनका लागि विभिन्न जिल्लाबाट सिफारिस गर्ने लहर नै चल्यो । एकीकृत नेकपा माओवादकि नेता पुष्पकमल दाहाल काठमाडौं  र सिराह, काँग्रेस सभापति सुशील कोइराला बाँके र चितवन, नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल इलाम र सर्लाहीबाट उठने भए । शिर्ष नेताहरुको लागि टिकट चयन गर्न समस्या नभएपनि अन्यका लागि भने धेरै कसरत गर्नुपऱ्यो । एमालेले स्थायी समितिको बैठक पार्टी कार्यालयको साटो ललितपुरस्थित मनमोहन स्मृति प्रतिष्ठानमा गर्न थाल्यो । काँग्रेसले पार्टी कार्यालयको मूल ढोकामा नै ताल्चा लगाएर भित्र बैठक गऱ्यो । टिकटका लागि माओवादी, काँग्रेस, एमाले लगायतका दलहरुमा आन्तरिक विवाद देखियो । काँग्रेस सदस्यीय दलमा रहेकी सुजता कोइरालाले टिकट वितरणमा 'विदेशी चलखेल' समेत भएको बताइन ।

विवाद हुँदा-हुँदै पनि नेताहरुले प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवार टुंगो लगाइ निर्वाचन आयोगमा बुझाए । ठूला दलबाट शिर्ष नेताहरु मैदानमा उत्रिए पनि साना दलका नेताहरु भने समानुपातिकमा रहे । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, नेकपा मालेका महासचिव सीपी मैनाली, संघीय समाजवादी पाटीएका अध्यक्ष अशोक राई, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, सद्भावना अध्यक्ष सरिता गिरी लगायत नेताहरु प्रत्यक्षमा उठ्न चाहेनन् ।

दलहरुबीच निर्वाचनका लागि तालमेलबारे पनि छलफल जारी नै रह्यो । माओवादीले फोरम नेपाल र समाजवादी पार्टीसँगको तालमेललाई मुख्य प्राथमिकतामा राख्यो । 'उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरमसँगको तालमेललाई पहिलो नम्बरमा'[65] राख्यो भने अशोक राई नेतृत्वको समाजवादी पार्टीलाई दोस्रो नम्बरमा राख्यो ।

धेरै राजनीतिक दलहरु घोषणापत्र तयार पार्न निरन्तर लागे पनि अन्तिम रुप दिन सकेनन । राष्ट्रिय प्रजातन्त्र पार्टीले भने चाडै नै घोषणापत्र सार्वजनिक गऱ्यो । घोषणापत्रमा उसले कहिल्यै नेपाल बन्द नगर्ने प्रतिबद्धता जनायो । यस्तै राष्ट्रप्रमुखका रुपमा संवैधानिक राजतन्त्र र कार्यकारी प्रमुखका रुपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री रहने शासकीय स्वरुप हुने पनि राप्रपा नेपालको प्रतिवद्धता थियो ।

---

[62] सापकोटा, रमेश (८ असोज २०७०) काँग्रेसमा उम्मेदवार छान्ने समिति गठन, *नयाँपत्रिका पृ. १*

[63] बीसी, गंगा  । ६ असोज, २०७० । एमाओवादीमा श्रेष्ठ असन्तुष्ट । *कान्तिपुर, पृ. १ ।*

[64] खनालका सचिवले एमाले छाडे । १० असोज, २०७० । *नयाँपत्रिका पृ. १ ।*

[65] बीसी, गंगा र मियाँ, अबदुल्लाह । १९ भदौ २०७० । एमाओवादीको तालमेल फोरम र समाजवादीसँग । *कान्तिपुर, प.१ ।*

**आरोप प्रत्यारोप**

*कांग्रेसको नजरमा विभिन्न दलहरू*

| काँग्रेस | माओवादी | एमाले | मधेशवादी पार्टी |
|---|---|---|---|
| काँग्रेसको आफ्नो सिद्धान्त छ । | एनेकपा माओवादीको आफ्नो स्पष्ट सिद्धान्त छैन । | एमालेको सिद्धान्तको टुंगो छैन । कहिले जनताको बहुदलिय जनवाद, कहिले जनताको बहुदलिय जनवाद र बारम्बार सिद्धान्त फेर्ने अनुकुलवाद । | मधेश आधारित पार्टीहरुको स्पष्ट र स्थायी सिद्धान्त छैन । |
| काँग्रेसले समावेशितालाई आफ्नो विधानमा उल्लेख गरी व्यवहारमा उतारिसकेको छ । | एनेकपा माओवादी समावेशितालाई नाराका रुपमा मात्र लिन्छ । व्यवहारमा त्यसको विपरित चलिरहेको छ । | एमालेले समावेशितालाई आत्मसाथ गरेको छैन । व्यवहारमा उतारेको छैन । | मधेशवादी पार्टीहरु केवल क्षेत्रिय पार्टी हुन् । यिनीहरु समावेशिताको चर्को कुरा गरेतापनि पार्टी संरचनामा यो नीति रहेको छैन । |
| काँग्रेस समसामयिक मुद्दाहरुमा जहिले पनि स्पष्ट अडान राख्दछ । | | एमालेको चरित्र ढुलमुले अर्थात अवसरवादी छ । | |
| काँग्रेस जनतालाई जे भन्छ, त्यो गर्छ | एनेकपा माअेवादी जनतलाई एकथोक भन्छ, गर्छ अर्कै । | कम्युनिष्टहरु जनतालाई भन्छन एकथोक गर्छन अर्कै । | |
| काँग्रेस गरिवी निवारण गरौं भन्छ | एनेकपा माओवादी गरिबी बाँडौ भन्छ | कम्युनिष्टहरु गरिवी बाँडौं भन्छन | |
| काँग्रेस अप्रिय अलोकप्रिय भएपनि सत्य तर परिणाम हितकारी कुरा अंगाल्न पछि पर्दैन । | एनेकपा माओवादी कम्युनिष्ट शब्दबाट आउने फाइदा जति सबै लिन चाहान्छ तर नराम्रो ब्यहोर्न पटक्कै तयार छैन । | एमाले समस्यालाई सधैभरी तुष्टिकरणको तदर्थवादी आखाँबाट हेर्ने गर्दछ । | |
| काँग्रेस पहिचान भेटिने जातिय द्वन्द्व मेटिने खालको संघीयतामा विश्वास गर्छ । | एनेकपा माओवादी जनतलाई जातजातको राज्यको सपना बाँडेर सत्ताकब्जाको स्वार्थ पूरा गर्न चाहान्छ | | |

| | | | |
|---|---|---|---|
| काँग्रेस अहिंसामा विश्वास गर्छ । | एनेकपा माओवादी हिंसामा विश्वास गर्छ | | |
| काँग्रेस राष्ट्रियता लगायत अन्य समसामयिक मुद्दाहरुमा आफ्नो अडान स्पष्ट राख्छ । | एनेकपा माओवादी परिस्थिति अनुकुल आफ्नो धारणा बदलिरहन्छ । | | मधेश आधारित पार्टीहरु राष्ट्रियता, संघीयता, समावेशिताको र शासकीय स्वरुप जस्ता राष्ट्रिय मुद्दाहरुमा स्पष्ट छैनन । |
| काँग्रेस सधैं जनतलाई सर्वोपरी मानेर जनतासँग डराएर काम गर्ने पार्टी हो । | माओवादी सधैं जनतालाई तर्साएर त्रासमा पारेर आफ्नो हइकम जमाउने पार्टी हो । | | |
| काँग्रेस मधेशमा भएको डुवान, बाढी पहिरो र सिमानामा हुने असुरक्षा जस्ता कुरामा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमै चासो र चिन्ता प्रकट गर्दछ । | | | मधेश आधारित दलहरु जनताका यस्ता पीर मर्का र सरोकारप्रति बेखवर देखिन्छन । |

*स्रोतः प्रशिक्षण सहयोगी पुस्तिका । २०७० । काँग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान*

निर्वाचनका बेला हुने आरोप प्रत्यारोप सामान्य देखिएपनि यो महिना नेपाली काँग्रेसले 'व्यवस्थित' तरिकाले अन्य दलका बारेमा विश्लेषण गऱ्यो । पार्टीको कार्यकर्तालाई प्रशिक्षण दिन तयार पारिएको पुस्तकमा काँग्रेसले आफूलाई सबै हिसाबले अब्बल र एकीकृत नेकपा माओवादी, नेकपा एमाले, मधेशवादी दलहरुको कमजोरी देखाउने प्रयास गऱ्यो । काँग्रेस आफूप्रति आक्रामक बनेपछि एमालेले पनि प्रतिक्रिया जनायो । एमालेले काँग्रेसको आरोपलाई 'व्यक्तिगत कुण्ठा र रणनीतिक रुपमा असन्तुलित विचार'[66] को टिप्पणी गऱ्यो । त्यसपछि काँग्रेसले 'एमालेप्रति आक्रामक आलोचना गरिएको राजनीतिक प्रस्ताव सच्चाउने'[67]बतायो । माओवादीले भने यो दस्तावेजको औपचारिक रुपमा खण्डन गरेको पाइएन ।

### अनुसन्धान सुरु

२०६१ सालमा सशस्त्र युद्धका क्रममा मारिएका गोरखाका कृष्णप्रसाद अधिकारीका बुबा नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारी अनसन बसिरहेका थिए । किटानी जाहेरी समेत दिएकामध्ये रामप्रसाद अधिकारीलाई प्रहरीले भदौ २१ गते राती बागबजारबाट गिरफ्तार गरी राती नै चितवन पुऱ्यायो । घटना लगत्तै एकीकृत नेकपा माओवादीले भोलिपल्ट काठमाडौं, चितवन र गोरखा जिल्ला

[66] कुण्ठा र असन्तुलित विचार:एमाले ।१६ भदौ, २०७०। *कान्तिपुर, पृ.१ ।*

[67] न्यौपाने, कुलचन्द्र ।१८ असोज, २०७० । काँग्रेसले एमालेप्रतिको धारणा सच्चाउने । *कान्तिपुर, पृ.१ ।*

बन्द आह्वान गऱ्यो । युद्धकालीन मुद्दा उचालेर चुनाव बिथोल्न खोजेको भन्दै माओवादीले विरोध गरेको हो । तीजको अघिल्लो दिन अर्थात् दर खाने दिन भएकाले केही ठाउँमा त्यसको विरोधमा महिला उत्रिए । ८ बजे शुरु गरेको बन्द बाध्य भएर माओवादीले १२ बजे फिर्ता लियो । माओवादी नेतृत्वले द्वन्द्वकालसँग जोडिएको यस घटनालाई अघि नबढाउन सरकारलाई पटक-पटक दबाब दियो । अध्यक्ष पुष्पकमल दाहाल, नेताहरू बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठ र पोष्टबहादुर बोगटी बालुवाटार पुगेर मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटी उक्त घटनाबारे छानविन अघि नबढाउन आग्रह गरे । त्यतिबेलाको युद्धको नेतृत्वकर्ताका रुपमा दाहाल र समानान्तर सत्ता (जनसत्ता) का प्रमुखका हैसियतमा भट्टराई गरी २ जनाले सबै जिम्मा लिने भएकाले युद्धका मुद्दामा आफ्ना कार्यकर्तालाई छानविन नगर्न उनीहरुले आग्रह गरेका थिए ।

यसै सन्दर्भमा ललितपुरको खन्ना गार्मेन्टमा जनवर्गीय संगठनका पदाधिकारीलाई प्रशिक्षण दिने क्रममा अध्यक्ष दाहालले युद्धकालमा मुद्दामा आफ्ना कार्यकर्ता पक्रउ परे 'देशव्यापी अभियानमा जाने चेतावनी दिए ।'[68] दाहालले जनयुद्धका मुद्दामा पक्रिने भए आफू र बाबुराम भट्टराईलाई पक्रिन पनि चुनौति दिए । आरोपीतलाई गिरफ्तार र न्याय दिने सरकारी प्रतिवद्धता पाएपछि ४७ दिनपछि अधिकारी दम्पत्तिले भदौ २२ गते अनसन तोडे । तर, उनीहरुलाई घर फर्किने भने सहज थिएन । 'दिनरात त्यो कहाँ जाँदो रहेछ, कसरी आउँदो रहेछ हेरौंला भन्छन् । भाइबुहारीलाई जथाभावी भनेको सुन्दा मन काटिन्छ ,[69] नन्दप्रसादकी दिदीले भनिन् । उता, सो अधिकारी घटनालाई लिएर वैद्य नेतृत्वको नेकपा माओवादीले पनि सरकारको आलोचना गऱ्यो । उसले भन्यो, 'हालै गोरखाको फुजेलको द्वन्द्वकालिन मुद्दालाई ब्यूताएर काठमाडौबाट रामप्रसाद अधिकारीलाई गिरफतार गरएिको छ भने अरु थुप्रै माओवादी नेता तथा कार्यकर्ताहरुका विरुद्धमा वारेन्ट काट्ने, खानतलासी गर्ने र आतंकित पार्ने कार्यहरु सरकारले गरिरहेको छ । अतः त्यस प्रकारका गतिविधिहरु बन्द गर्न, गिरफ्तार गरिएका बन्दीहरुलाई रिहा गर्न र युद्धकालिन मुद्दाहरु खारेज गर्न सरकारसँग जोडदार माग गर्ने निर्णय गरिएको छ ।[70]

## जन्मकैदको सजाँय पाएकालाई रोक

सर्वोच्च अदालतले जन्मकैदको सजाय पाएकाले पनि चनावमा उठन पाउने आसयसहितको आन्तरिम आदेश जारी गऱ्यो । सर्वोच्चको आदेशको धेरै क्षेत्रबाट आलोचना भयो । त्यसपछि न्यायधीशत्रय गिरिशचन्द्र लाल, सुशीला कार्की र प्रकाश वस्तीको विशेष इजलासले 'हत्या अभियोगमा अदालतको अन्तिम फैसलाबाट सर्वस्वसहित जन्मकैद सजाय पाएको व्यक्ति संविधानसभा निर्वाचनमा उम्मेदवार हुन अयोग्य'[71] हुने फैसला सुनायो । सर्वोच्चले न्ययायाधीश तर्कराज भट्टले जारी गरेको 'आदेश बदर गर्दै फौजदारी कसुरमा सजाय पाएकाले चुनाव लड्न नपाउने प्रावधानलाई १० असोज गते क्रियाशील बनाएको हो ।'[72]

---

[68] ढुङ्गेल, माधव (१९ भदौ २०७०) खन्ना गार्मेन्टमा दाहालको चुनौति, सक्छौ भने मलाई पक्र, *अन्नपूर्ण पोष्ट*

[69] उप्रेती, शिवप्रसाद (५ असोज २०७०) फुजेलमा अधिकारकर्मी, अधिकारी घर फर्किने स्थिति छैन, *अन्नपूर्ण पोष्ट पृ. १*

[70] नेकपा माओवादीले जारी गरेको प्रेस नोट । भदौ २४, २०७० ।

[71] गौतम, दिनेश । ११ असोज, २०७० । ज्यानमुद्दाका दोषी उम्मेदवार हुन नपाउने । *नागरिक, पृ. १*

[72] हत्याका दोषीले चुनाव लड्न नपाउने । ११ असोज २०७० । *कान्तिपुर, पृ. १ ।*

## निष्कर्ष

एकीकृत नेकपा माओवादी नेतृत्वको मोर्चासँग वार्ता असफल भएपछि मुलुकको राजनीति स्पष्टसँग दुई ध्रुवमा विभाजित भयोः संविधनिानसभाको निर्वाचनमा भाग लिने र बहिस्कार गर्ने । संविधानसभा निर्वाचनमा सेना परिचालन र निर्वाचनको प्रतिरोध गर्ने मोर्चाको तयारीले संविधानसभा निर्वाचनमा हिंसा हुने सम्भावना बढायो । त्यतिमात्र होइन, संविधानसभापछि पनि मुलुकमा राजनीतिक द्वन्द्व भइरहने आधार समेत यसले खडा गऱ्यो ।

राजनीतिक दलहरुलाई उम्मेदवार चयन गर्न हम्मे हम्मे पऱ्यो । उम्मेदवार चयनका लागि संस्थागत पद्धतिको विकास कम हुनु यसको मुख्य कारण थियो । जिल्ला  र क्षेत्रबाट नाम मगाएपनि त्यसमा विचार पुऱ्याउन नसक्दा आकाक्षीहरु धेरै भए । छनोट गर्न नेताहरुलाई कठिन भयो । कार्यकर्ताको दबाब थेग्न नसकेर उनीहरुले पार्टी कार्यालयमा सहज रुपमा बैठक समेत गर्न सकेनन् । जिल्ला र क्षेत्रबाट नामनै नपरेका व्यक्तिलाई समेत नेताहरुले बोकेर हिडने प्रयास गरे । बनाइएका मापदण्डलाई पालना नगर्ने र राम्रा र योग्यभन्दा पनि आफन्त र निकटकालाई टिकट दिन गरिएका प्रयासले राजनीतिक संस्कारको कमी देखायो । अधिकांश राजनीतिक दलहरुले घोषणापत्र समयमा तयार पार्न सकेनन् । उनीहरुका लागि चुनावी मुद्दा भन्दा पनि टिकट प्राथमिकतामा पऱ्यो । निर्वाचन हुन डेढ महिना बाँकी हुँदा समेत घोषणापत्र तयार गर्न नसक्नुले उनीहरुमा गृहकार्यको अभाव देखियो । प्रमुख राजनीतिक दलहरुले बैंकमार्फत चन्दा संकलन गर्न शुरु गरे । यसबाट दबाबका भरमा चन्दा संकलन गर्नै प्रवृति केही हदसम्म कम हुने आधार तय भयो ।

संविधानसभाको संख्याबारे राजनीतिक दलहरुको अडान देखिएन । कहिले ४ सय ९१, कहिले ५ सय ८५ र कहिले ६ सय १ को निर्णयले उनीहरु आवश्यकतामा आधारित भन्दा पनि तत्कालको अप्ठारा हटाउने शैलीमा काम गरेको कुरालाई देखायो ।  यसले दलहरु आफनै निर्णयमा अडिन सक्दैनन् भन्ने कुरालाई पनि देखायो । सशस्त्र द्वन्द्वका बेला भएका घटनाको छानविन गरी दोषीलाई कारवाही गर्ने प्रक्रिया अझै पर धकेलियो । सत्य निरुपण तथा मेलमिलाप आयोग गठन नहुने र तत्काल कारवाही गर्दा अवरोध हुने अवस्थाले पीडितले न्याय पाउन धेरै समय लाग्ने र न्याय नै नपाउने संभावनालाई बढायो ।